म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

म.जि.हु.का.द.नं.
३०/०६५/०७०

वर्ष:१५ अङ्क:- ९८४ २०८१ भदौ २१ गते शुक्रबार 6 September 2024, Friday - पृष्ठ ४ मूल्य रु. ५/-

**हरितालिका तीजको शुभकामना**

नेपाली महिलाहरुको विशेष पर्व तीजको अवसरमा सम्पूर्णमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं । आगामी समय महिलाको पक्षमा थप अनुकुल बन्दै जाओस् भन्ने कामना समेत गर्दछौं ।

**समृद्ध समाज राष्ट्रिय दैनिक परिवार**
हेटौंडा, मकवानपुर

### हेटौंडा उपमहानगरपालिका राजश्व वृद्धि विवाद

# उपप्रमुखद्वारा कार्यपालिका बैठक बहिष्कार, प्रमुखद्वारा बैठक स्थगित

समाज संवाददाता

हेटौंडाः हेटौंडा उपमहानगरपालिकाले चालु आर्थिक वर्षका लागि जारी गरेको आर्थिक ऐन-२०८१ लाई संशोधन गर्ने गरी विशेष नगरसभा आव्हान गर्न बिहिबार बिहान बसेको कार्यपालिका बैठक नगर उपप्रमुख राजेश बानियाँसहित काँग्रेस सम्बद्ध नगरसभा सदस्यहरुले बहिष्कार गरेका छन् । आर्थिक ऐनको प्रस्ताव पेश गर्ने उपप्रमुख बानियाँ नै ऐन संशोधनका लागि विशेष नगरसभा आव्हान गर्न बसेको कार्यपालिका बैठकमा अनुपस्थित भएपछि नगरप्रमुख मीना कुमारी लामाले बैठकमा सहभागी बहुमत सदस्यको सहमतिविपरित एकलौटीरुपमा कार्यपालिका बैठक स्थगित गर्नुभयो । नगरवासी, व्यवसायीको विरोध, व्यवसायीसँग उपमहानगरपालिकाले आर्थिक ऐनमा विशेष नगरसभामार्फत संशोधन गर्ने सहमति, नगरसभाका बहुमत सदस्यले विशेष नगरसभाको माग गरिरहेको सन्दर्भमा नगर कार्यपालिकाको बैठक प्रभावित हुँदा उपमहानगरपालिकाको तीव्र आलोचना भइरहेको छ ।

बिहिबार बिहान ८ बजेका लागि तय गरिएको कार्यपालिका बैठकको एउटै एजेण्डा विशेष नगरसभा र सोको पूर्वतयारी रहेको थियो । मेयरसहित २९ सदस्यीय हेटौंडा उपमहानगरपालिकाको कार्यपालिकामा बिहिबार बिहान नगरप्रमुख मीनाकुमारी लामासहित १६ जना उपस्थित थिए । नगरप्रमुख लामा बाहेक अन्य १५ जना नेकपा एमाले सम्बद्ध नगरसभा सदस्य थिए ।

गत असार ७ गते नगरसभा सदस्यलाई जानकारी समेत नगराई नगरप्रमुख मीना कुमारी लामा र उपप्रमुख राजेश बानियाँले नगरसभामार्फत करको दर बढाउने गरी आर्थिक ऐन २०८१ पारित गरेपछि नगरवासी र व्यवसायीको विरोधका बीच व्यवसायीसँग साउन ३२ गते विशेष नगर सभा बोलाउन उपमहानगरपालिकाले सम्झौता समेत गरेको थियो । बिहिबार बिहान बोलाइएको कार्यपालिका बैठक उपप्रमुख बानियाँसहित नेपाली काँग्रेस सम्बद्ध नगर कार्यपालिका सदस्यहरु अनुपस्थित भएपछि नगरप्रमुख मीना कुमारी लामाले उपप्रमुख र काँग्रेस सम्वद्ध कार्यपालिका सदस्यको समेत उपस्थितिमा निर्णय गर्ने भन्दै एकलौटी बैठक स्थगित गर्नुभएको बताइएको छ । बैठकमा सहभागिताको विषयमा बुझ्ने प्रयास गर्दा उपप्रमुख राजेश बानियाँको मोबाइल स्वीच अफ पाइयो भने नगरप्रमुख मीना कुमारी लामाले मोबाइल उठाउनु भएन ।

राजश्वको दर वृद्धि गर्ने गरी आर्थिक ऐन पारित भएको भन्दै नगरवासी र व्यवसायीले विरोध गरेपछि नगरसभाको बहुमत सदस्यले गत साउन ३० गते विशेष नगरसभा मागसमेत गरेका थिए। नगरसभाको बहुमत सदस्यले विशेष नगरसभाको माग गरेसँगै नगरप्रमुख मीना कुमारी लामा र उपप्रमुख राजेश बानियाँसहितको उपस्थितिमा नगरपालिकाले व्यवसायीसँग विशेष नगरसभा आव्हान गरेर माग सम्बोधन गर्ने गरी सम्झौता समेत गरेको थियो। आर्थिक मन्दीका बीच व्यवसायी मर्कामा रहेका बेला राजश्वको दर बढाएको भन्दै उपमहानगरको चौतर्फी विरोध भइरहेको छ ।

नेपाली काँग्रेस सम्बद्ध नगर कार्यपालिका सदस्य सविन न्यौपानेले विशेष नगरसभाको विषयमा पार्टीको धारणा बनिनसकेकोले कार्यपालिका बैठकमा सहभागी नभएको बताउनुभयो । उपमहानगरपालिकाको प्रवक्ताको जिम्मेवारी समेत रहेको १ नम्बर वडा अध्यक्ष न्यौपानेले पार्टी जिल्ला नेतृत्व जिल्ला बाहिर रहनुभएकोले उहाँ आउनुभएपछि पार्टीको धारणा बनाएर अगाडि बढ्ने बताउनुभयो। यता काँग्रेस सम्बद्ध कार्यपालिका सदस्य एवम् ८ नम्बर वडा अध्यक्ष रामकृष्ण थापाले भने विशेष नगरसभाको एजेण्डा नेकपा एमालेको भएकोले सहभागी नभएको बताउनुभयो। "विशेष नगरसभाको एजेण्डा एमालेको एजेण्डाको रुपमा आयो त्यसैले कार्यपालिका बैठकमा सहभागी भइनँ", वडाअध्यक्ष थापाले भन्नुभयो ।

विशेष नगरसभाको माग गर्ने समूहका सदस्य एवम् नगर कार्यपालिका सदस्य नवीन सिग्देलले काँग्रेस सम्बद्ध उपप्रमुखसहित कार्यपालिका सदस्यहरुले विशेष नगरसभाको एजेण्डालाई बेवास्ता गर्दै बैठकमा सहभागी नहुनु र नगरप्रमुखले पनि एकलौटी ढंगले कार्यपालिकाको बैठक स्थगित गर्नु निन्दनीय भएको बताउनुभएको छ । नगरवासी, व्यवसायीका मागका विषयमा उपमहानगरपालिकाले आन्दोलनरत व्यवसायीसँग विशेष नगरसभा आव्हान गर्ने सहमति समेत गरिसकेको र नगरसभाको बहुमत सदस्यले विशेष नगरसभाको माग गरेको सन्दर्भमा विशेष नगरसभा बोलाउनकै लागि आव्हान गरिएको कार्यपालिका बैठकमा उपप्रमुखसहित काँग्रेस सम्बद्ध कार्यपालिका सदस्य अनुपस्थित हुनु गैरजिम्मेवार र कानुनको अपहेलना भएको सिग्देलको बताउनुभयो ।

हेटौँडा उपमहानगरपालिकाले आर्थिक ऐन २०८१ मार्फत राजश्वको दर २६६ प्रतिशतसम्म वृद्धि गरेको छ भने सिफारिस दस्तुर समेत पाँच सय रुपैयाँबाट बढाएर एक हजार रुपैयाँ पुऱ्याएको छ । उपमहानगरपालिकाको आर्थिक पारदर्शितामाथि समेत शंका गर्दै नगरवासी, व्यवसायीले राजश्वको दर साविककै कायम राख्न र पारदर्शी, जिम्मेवार स्थानीय सरकारको रुपमा प्रस्तुत हुन माग गर्दै आएका छन् । बिहिबारको कार्यपालिका बैठकले विशेष नगरसभा बोलाउने विषयलाई सम्बोधन गर्न नसकेकोप्रति मकवानपुर उद्योग वाणिज्य संघका अध्यक्ष कृष्णकुमार गुप्ताले व्यवसायीको ध्यानाकर्षण भएको बताउनुभएको छ। उपमहानगरपालिकाले सम्झौता गरेर पनि विशेष नगरसभा आव्हानमा गरिरहेको आनाकानीको विषयमा व्यवसायीहरु गम्भीर भएको उल्लेख गर्नुहुँदै अध्यक्ष गुप्ताले व्यवसायीसँगको छलफलबाट संघले आगामी योजना बनाउने बताउनुभएको छ ।

### बागमती प्रदेश

# ४ कानुन निर्माण गर्न झण्डै १६ करोड रुपैयाँ खर्च

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेशसभाबाट ४ वटा कानुन निर्माण गर्न झण्डै १६ करोड रुपैयाँभन्दा बढी रकम खर्च भएको छ । प्रदेशसभाले गत आर्थिक वर्ष २०८०/०८१ मा ४ वटा विधेयक पारित गर्न प्रदेशसभाबाट १५ करोड ८५ लाख ४५ हजार रुपैयाँ खर्च गरेको हो ।

गत आर्थिक वर्ष २०८०/०८१ मा प्रदेशसभाले एक मुल विधेयक, एक संशोधन विधेयक र २ सालवसाली विधेयक पारित गरेको थियो । एक आर्थिक वर्षमा प्रदेशसभाले प्रदेश सरकारबाट संसदमा दर्ता गराएको मुल विधेयक प्रदेश सरकारी कामकाजी भाषासम्बन्धी विधेयक २०८० पारित गरेको हो । यस्तै, प्रदेश सञ्चार माध्यम व्यवस्थापन ऐन २०७५ लाई संशोधन गर्न बनेको विधेयक २०८०, आर्थिक विधेयक २०८१ र विनियोजन विधेयक २०८१ पारित गरेको छ ।

सोबाहेक अन्य कुनै पनि विधेयक तथा कानुनका विषयमा प्रदेशसभाले उपलब्धीमूलक ढंगबाट काम गर्न सकेको छैन । प्रदेशसभाले २०८० कात्तिक २३ गते प्रदेश सरकारी कामकाजी भाषासम्बन्धी विधेयक २०८०, प्रदेश सञ्चार माध्यम व्यवस्थापन ऐन २०७५ लाई संशोधन गर्न बनेको विधेयक २०८० पारित गरेको थियो। प्रत्येक वर्ष पारित गर्नुपर्ने प्रदेश सरकारको आर्थिक र विनियोजन विधेयक २०८१ असार १४ मा पारित गरेको थियो ।

प्रदेशसभाले सो कानुनहरु निर्माण गर्न एक वर्षमा सभामुख, उपसभामुख, सांसदहरुको तलब भत्ता तथा अन्य सुविधामा भने झण्डै १६ करोड रुपैयाँ खर्च गरेको हो । प्रदेशसभाको अधिकांश समय सरकार निर्माणमा केन्द्रित हुँदा उक्त अवधिमा ४ कानुनहरु निर्माणबाहेक अन्य केही उपलब्धी हुन नसकेको हो ।

सो अवधिमा प्रदेशसभाको बैठकले एक पटक तत्कालीन मुख्यमन्त्री शालिकराम जम्कट्टेलको विश्वासको मतबारे निर्णय गरेको थियो। प्रदेशसभाको अधिकांश समय बजेट विवादका कारण प्रभावित बनेको थियो । आर्थिक वर्ष २०८०/०८१ को बजेट असन्तुलित र मन्त्रीमुखी भएको भन्दै तत्कालीन प्रतिपक्षी दल एमाले र राप्रपाले विरोध गरेका थिए। बजेट पारित गर्दा सत्तारुढ दलले लिखित सहमति गरेको र उक्त सहमति कार्यान्वयनको विषयले आर्थिक वर्षको दोस्रो चौमासिक (फागुन) सम्म संसद चल्न सकेको थिएन । जसका कारण संसदमा रहेका विधेयकहरुले पनि गति पाउन सकेन ।

२०८० को फागुनमा जसोतसो सञ्चालनमा आएको संसदले बजेटको विवाद समाधान गर्न समिति निर्माण तथा छलफलमा केन्द्रित भएको थियो। समितिको प्रतिवेदन संसदबाट पारित गरी सरकारलाई निर्देशन दिएलगत्तै पुनः सत्ता परिवर्तन भयो र दलहरु सरकार निर्माणमा केन्द्रित भए। जसका कारण कानुन निर्माण प्रक्रिया ओझेलमा परेको थियो ।

सो अवधिमा संसदमा दर्ता भएको ३ विधेयकले अझै पूर्णता पाउन सकेको छैन। विगत एक वर्षदेखि संसदीय समितिमा विचाराधीन रहेको ३ विधेयक समितिबाट छलफल सम्पन्न भइ प्रतिवेदन बनेको छ। तर, संसद बैठक आह्वान नहुँदा पेश हुन सकेको छैन ।

### के के मा खर्च भयो १६ करोड रुपैयाँ ?

प्रदेशसभाका लागि प्राप्त ११ शीर्षकअन्तर्गत सो बजेट खर्च भएको छ। एक वर्षको अवधिमा प्रदेशसभाले ४ वटा कानुन निर्माण गर्न सभामुख, उपसभामुख र सांसदहरुको तलबवापत ६ करोड ७० लाख ९३ हजार रुपैयाँ खर्च गरेको छ भने बैठक भत्तावापत ८९ लाख ५० हजार रुपैयाँ खर्च गरेको छ। सो शीर्षकअन्तर्गत प्रदेशसभाका लागि क्रमशः ७ करोड २७ लाख ४९ हजार रुपैयाँ र ६७ लाख ५ हजार रुपैयाँ विनियोजन भएको थियो ।

प्रदेशसभाले अन्य सुविधाअन्तर्गत विनियोजन गरेको ९ करोड १५ लाख ६९ हजार रुपैयाँमध्ये ७ करोड ५७ लाख २३ हजार रुपैयाँ खर्च गरेको छ । इन्धन सुविधाका लागि प्राप्त ३८ लाख ८८ हजार रुपैयाँमध्ये १४ लाख २२ हजार रुपैयाँ खर्च गरेको छ । सो अवधिमा प्रदेशसभाले सवारी साधन मर्मतअन्तर्गत ३१ लाख १२ हजार रुपैयाँ खर्च गरेको छ । सवारी मर्मतका लागि प्रदेश सरकारबाट ४८ लाख रुपैयाँ बजेट विनियोजन भएको थियो ।

गत आर्थिक वर्षमा प्रदेशसभाले भ्रमण भत्तावापत ५८ लाख ५० हजार रुपैयाँ बजेटमध्ये ६ लाख ६५ हजार रुपैयाँ खर्च गरेको छ। सवारी भाडावापत ४ लाख ९९ हजार रुपैयाँ बजेटमध्ये १ लाख ४० हजार रुपैयाँ खर्च गरेको छ। सुविधावापत पानी/बत्ती खर्चमा प्रदेशसभाले प्राप्त गरेको २ लाख ७० हजार रुपैयाँमध्ये शतप्रतिशत रकम खर्च गरेको छ।

प्रदेशसभाले विविध खर्चतर्फ विनियोजित ४० लाख २१ हजार रुपैयाँमा ११ लाख ६७ हजार रुपैयाँ खर्च गरेको छ भने सवारी साधन तथा औजार भाडाका लागि विनियोजन गरेको ४ लाख ९९ हजार रुपैयाँमध्ये १ लाख ४० हजार रुपैयाँ खर्च गरेको छ । प्रदेशसभाले पोशाक र महंगी भत्तावापतको शीर्षकमा विनियोजित रकम भने खर्च गरेको छैन । सो शीर्षकअन्तर्गत प्रदेशसभाले क्रमशः १२ लाख २० हजार रुपैयाँ र २९ लाख २८ हजार रुपैयाँ बजेट प्राप्त गरेको थियो ।






समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

# सम्पादकीय

## महावीरलाई सबैको सहयोग

महावीर पुन नेपालीका लागि परिचित नाम हो । विसं २०११ सालमा म्याग्दी जिल्लाको नागी गाउँमा जन्मिभएका पुनले कक्षा ७ सम्मको शिक्षा त्यहीं लिए । त्यसपछिका शिक्षाका लागि उनका बुवाले चितवनमा ल्याए, जहाँ उनले कक्षा १२ सम्म पढे । आर्थिक अवस्था कमजोर भएका कारण उनले स्नातक पढेनन् र १३ वर्षसम्म विभिन्न विद्यालयमा पढाए । उच्चशिक्षाका लागि विदेशी विश्वविद्यालयमा आवेदन दिएका पुनले अमेरिकाको एक विश्वविद्यालयमा आंशिक छात्रवृत्तिसहित पढ्ने अवसर पाए । विज्ञान विषयमा स्नातकोत्तरसम्म अध्ययन गरी आजभन्दा करिब ३० वर्षअघि पुन नेपाल फर्किए र आफू जन्मेको गाउँमा आर्थिक उपार्जनसहित पर्यटन प्रवर्द्धनमा लागे । उनले वायरलेस प्रविधिमार्फत् गाउँ-घर र विद्यालयमा इन्टरनेट सुविधा विस्तारमा उल्लेख्य योगदान दिएसँगै वैज्ञानिकको रुपमा चिनिए । पुनले एसियाकै नोबेल पुरस्कार मानिने म्यागसेसे पुरस्कार पाएपछि उनको पहिचान र चर्चा दुबै चुलियो ।

केही वर्ष अघिदेखि त्रिभुवन विश्वविद्यालय परिसरमा राष्ट्रिय आविष्कार केन्द्र स्थापना गरेका पुन अहिले देशभित्रै वैज्ञानिक गतिविधि बढाउन क्रियाशील छन् । ड्रोन, बायोमेडिकल, कृषि, शिक्षा, स्वास्थ्यलगायतका क्षेत्रमा नयाँ-नयाँ अनुसन्धानको काम गरिरहेको केन्द्रले धेरै प्रविधि विकास गरिसकेको भए पनि पर्याप्त आर्थिक स्रोतको अभावमा देखिने काम गर्न सकेको छैन । यसैबीच महावीर पुन अध्यक्ष रहेको राष्ट्रिय आविष्कार केन्द्रले सरकारसँग २ दशकदेखि बन्द रहेको वीरगञ्जको कृषि औजार कारखाना लिमिटेड सञ्चालनको अनुमति लियो । कारखाना र आविष्कार केन्द्र चलाउन आर्थिक स्रोत नभएपछि पुनले २०८० वैशाखमा सरकारसँग बजेट माग गर्दै आन्दोलनसमेत गरे । अनुसन्धान तथा विकास, नवप्रवर्तन तथा आविष्कार सम्बन्धी कामलाई एकीकृतरुपमा सञ्चालन गर्न सरकारले कोष स्थापना गर्ने सहमति पुनसँग गऱ्यो । त्यतिमात्र होइन, कोषमा सरकारले पुँजीगत बजेटको एक प्रतिशत रकम जम्मा गर्ने, ६० दिनभित्र कोष व्यवस्थापन र सञ्चालनका लागि विधेयक तयार गरी संघीय संसदमा पेश गरेर पारित गर्ने सहमति गरेको थियो । सरकारले उक्त सहमति कार्यान्वयन नगरेपछि पुनले आफ्नो जीवनीबारे पुस्तक छापेर बेच्दै हिँडिरहेका छन् ।

७ महिनाअघि सुदूरपश्चिमबाट पुस्तक बिक्री गर्न देश दौडाहमा निस्किएका पुन गत साउन अन्तिम साता हेटौंडा आइपुगेका थिए । पुस्तक बेचेर प्राप्त आम्दानीले कृषि औजार कारखानालाई पूर्ण क्षमतामा सञ्चालन गर्ने भन्दै हिँडेका उनले हालसम्म एक लाख ४० हजारभन्दा बढी पुस्तक बिक्री गरिसकेका छन् । बिक्री मूल्य ७ सय ५० रुपैयाँ रहेको उनको पुस्तक बिक्रीबाट हालसम्म १० करोड रुपैयाँभन्दा बढी संकलन भएको छ । मकवानपुरको मनहरीबाट हेटौंडा हुँदै भीमफेदीसम्म पुगेर करिब २ सातामा उनले ७ हजारभन्दा बढी पुस्तक बिक्री गरेका छन् । मकवानपुरबाट मात्र पुनले पुस्तक बिक्रीबापत ५० लाख रुपैयाँभन्दा बढी संकलन गरेका छन् । आविष्कार केन्द्रले आफ्नो स्रोत साधनबाट कृषि औजार कारखानाका ८० प्रतिशत मेसिनहरु चलाउन मिल्ने बनाएर कृषकका लागि आवश्यक साना औजारहरु बनाए पनि थप मेसिन र कच्चापदार्थ खरिदका लागि सरकारले सहयोग नदिएको झोकमा आफूले पाएका मेडल र सम्मान नै लिलाम बिक्री गर्ने घोषणासमेत उनले गरेका थिए ।

महावीर पुनले पुस्तक बिक्री गरेरै कारखाना चलाउने दृढ इच्छाले सार्थकता पाउँदै गएको छ । आम नागरिकको साथ र सहयोगले कृषि औजार कारखाना चलाउन करिब १० करोड रुपैयाँ जुटाउने महावीरको योजनाले केही महिनाभित्रै पूर्णता पाउने निश्चित छ । कृषिप्रधान देशको कृषि औजार उत्पादन गर्ने एउटामात्र कारखानासमेत २ दशकसम्म बन्द राख्ने सरकारलाई पुनको यो अभियान र नेपाली नागरिकको सहयोगले दवाव सृजना हुनसक्छ । देश-विदेशमा परिचित वैज्ञानिकले गैरनाफामूलक आविष्कार केन्द्रमार्फत् बन्द कारखाना सञ्चालन गर्न खोज्दा ८-१० करोड रुपैयाँसमेत पत्याउन नसक्ने सरकारलाई महावीर पुनको यो कामले अवश्य गिज्याउने छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | चित्लाङ इलाका ६२१००० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | वारुण यन्त्र १०१ |
| ट्राफिक प्रहरी १०३ | बालबालिका खोजतलास केन्द्र १०४ |
| वडा प्रहरी ५२०२९९ | बाल हेल्पलाइन १०९८ |
| पशुपतिनगर इलाका ५२०५९८ | हेलो सरकार ११११ |
| मनहरी इलाका ९८५५०९०१६१ | नेपाल टेलिकम सोधपुछ १९७ |
| भीमफेदी इलाका ६९१४६२ | एम्बुलेन्स १०२ |
| पालुङ इलाका ६२०४६७ | नेपाल विद्युत प्राधिकरण गुनासो ११५० |
| फापरबारी इलाका ६२१९८० | |

## तपाईको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडिकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : व्यापार–व्यवसाय मध्यमकारक मान्नुपर्दछ ।
**वृष** : राम रमाइलोमा समय व्यतित हुने समय छ ।
**मिथुन** : विवादास्पद जिम्मेवारी नलिँदा राम्रो हुन्छ ।
**कर्कट** : परीक्षा प्रतियोगिताबाट सफलता प्राप्त हुनेछ ।
**सिंह** : साझेदारी कामबाट त्यति लाभ नहुने देखिन्छ ।
**कन्या** : धार्मिक काममा सरिक भइने समय योग छ ।
**तुला** : आत्मबल र हिम्मतले काममा पूर्णता होला ।
**वृश्चिक** : सामाजिक र धार्मिक क्रियाकलापमा सरिक भइने छ ।
**धनु** : निर्णय गर्ने क्षमतामा वृद्धि हुने समय योग छ ।
**मकर** : लेखाई–पढाई ठिकै रहने समय योग रहको छ ।
**कुम्भ** : व्यापार–व्यवसायबाट राम्रो परिणाम प्राप्त हुनेछ ।
**मीन** : आनन्द र मनोरञ्जन प्राप्त हुने समय योग रहेको छ ।

# परोपकारी पाठशाला



✍होमनाथ तिमल्सिना

हामी मानवको स्वरुपमा जन्मनु मात्र मानिस हुनु होइन । मानव भएर जन्मेपछि मानव भित्र हुनुपर्ने गुण, स्वभाव र आचरण पनि हुन जरुरी छ । के हामीमा मानिसमा हुनुपर्ने गुण हुँदै नभएको हो त ? त्यो पनि होइन तर हामीले कहिले काहीँ भौतिकता र आफ्नो स्वार्थी भावनाले बिर्सेको मात्र हो । यही बिर्साइलाई सदा सम्झनलायक बनाउन हामीले केही प्रयास र कर्महरू गर्नु पर्दछ ।

असल कर्म र सेवाभावले हामीलाई जन्म जन्मान्तरसम्मका लागि जीवित बनाउने छ । भगवान् बुद्धको वाणी छ नि, “जन्म भाग्यको कुरा हो, मरण समयको कुराको तर मरण पछिको स्मरण कर्मको कुरा हो ।” हामी जस्तो कर्म गर्छौं त्यही रूपमा हामीलाई संसार ले चिन्नेछ । हिट्लरलाई हामीले देखेका छैनौं तर कथाहरूमा क्रूर व्यक्तिको रूपमा पढेका छौं । करम चन्द गान्धी (महात्मा गान्धी) वा वापुलाई पनि हामीले देखेका छैनौं तर करुणावान, अहिंसावादीका रूपमा हामीले पढ्ने गरेको छौं ।

अब मनमा जिज्ञासा रहन सक्छ कस्तो कर्मले मानिस खुसी हुन सक्छ ? जसले अरूको खुसीमा मलजल थप्छ, दुःखको समयमा आफूसँगै भएको अनुभूति गराउन सक्ने व्यक्ति खुसी हुन्छ । “हामी कसैको खुसी लेख्ने पेन्सिल बन्न सक्दैनौं भने पनि कम्तीमा उसको निराशा बेचैनी मेटाउने इरेजर चाहिँ बन्नै पर्छ ।” अनि त्यही व्यक्ति खुसी हुन्छ । मानिसको जीवन दुई प्रकारको हुन्छ । एउटा आइसक्रिमको जस्तो र अर्को मैनबत्तीको जस्तो । पग्लिन त दुबै पग्लिन्छ तर आइसक्रिमको सन्देश बाँचुन्जेल हामीले मोज-मज्जा गर्नु पर्छ । कुन दिन पग्लिएर सकिनु पर्छ थाहा हुन्न । मैन वत्तिको सन्देश पग्लिएर सकिँदासम्म पनि हामीले अरूका लागि उज्यालो ज्योति बनेर रहन सक्नु पर्छ । त्यो नै जीवनको सार हो ।

सेवा र करुणाका कुरामा धेरै मानिस म व्यस्त छु भन्ने गर्छन् तर एउटा गतिलो उदाहरण आचार्य लक्ष्मण भण्डारीले आफ्नो पुस्तक अनमोल दृष्टान्तका माध्यम हामीलाई दिनुभएको छ । एकपटक एकजना अमेरिकी पूर्वराष्ट्रपति एउटा विशिष्ट समारोहमा सहभागी हुन जाँदै थिए । उनी विशिष्ट पहिरनमा सजिएका थिए । उनको शीघ्र प्रतिक्षा गरिँदै थियो । उनी जुन बाटो भएर त्यस समारोहमा भाग लिन जाँदै थिए, त्यस बाटोको बीचमा एउटा सुँगुर हिलोमा गाडिएर कराइरहेको थियो । ऊ उम्कन, हिलोमुक्त हुन खोजिरहेको थियो, तर उसका सम्पूर्ण प्रयासहरू खेर गइरहेका थियो । त्यो दारुण एवम् कारुणिक दृश्यमाथि अकस्मात् कारमा सवार राष्ट्रपतिको नजर पऱ्यो । जब उनले त्यो गम्भीर दृश्य देखे, उनलाई असह्य भयो । उनी कारबाट तत्काल झरे र त्यो हिलोमा भासिएको सुँगुरलाई बाहिर निकाले अनि परम सुखको अनुभव गरे ।

उनी हिलाम्य भए र विशिष्ट कार्यक्रमको प्रमुख अतिथि बन्न गए । कपडा हिलाम्य देखेर आयोजकले कारण सोधे । राष्ट्रपतिले ढिला हुनुको कारण बताउँदै क्षमायाचना गरे । आफ्नो परम आनन्द र खुसीका लागि कर्म गरेर आएँ । म मेरो मनलाई दुख नहोस् भनेर गरेको कर्मका कारण धन्यवादको पात्र होइन भन्नुहुन्छ । म आफ्नो परोपकार र कर्तव्यलाई पुरा गरेर आएँ । हो यस्तै भजन छनी,

*नत नदी पिउँछन् आफ्नै जल,*
*वृक्ष न चाख्छन् आफ्नै फल,*
*आफ्नो तन मन धन अर्पेर अरूका लागि बाँच्छ जो,*
*सच्चा मानव त्यही हो, सच्चा मानव त्यही हो ।*

मानव हुनुको पहिलो पाइला नै परोपकार नै रहेछ । तर विडम्बना हाम्रो देशमा परोपकारी पाठ पढाइने केन्द्र धेरै छैनन् । यसैलाई सम्झेर महाकवि देवकोटाले एउटा लेखेको गीत

*कुन मन्दिरमा जान्छौ यात्री कुन मन्दिरमा जाने हो ?*
*कुन सामाग्री पूजा गर्ने, साथ कसरी लाने हो ?*

परोपकारका लागि कुन मन्दिरमा जाने, के-के लाने भन्ने भावमा लेख्नु भएको यो हरफले हरेकका लागि सेवाका लागि प्रेरणा दिन्छ । संसारका सबै धर्मको सार भनेकै सेवा, परोपकार, पूण्य, दान, करुणा, प्रेम नै हो । १८ पूराण लेखिसकेपछि वेदव्यासले लेख्नुभएको सार “परोपकार गर्नु पूण्य हो, परपिडन गर्नु पाप हो” र हाम्रो जीवनको सार पनि त्यही हो । हाम्रो शरीरका अङ्गहरुले पनि सेवा र परोपकारलाई प्रेरणा दिएको पाइन्छ, सन्देश दिएको पाइन्छ । जस्तै शरीरमा कुनै चोट लाग्यो आँखाले आँसु बगाउँछ, दाँतमा खाना अड्कियो भने जिब्रोले सहयोग गर्छ, कपालमा केही पऱ्यो, आँखामा केही पऱ्यो हातले सहयोग गर्छ ।

अब परोपकारको पाठ सिक्नका लागि एक यस्तै परोपकारी मानवताको भावना बोकी २०६९ सालबाट देशव्यापी मानवता प्रवर्द्धनको कार्यक्रम तथा सेवा गर्दै, सहयोगापेक्षी सडक आश्रित मानवमुक्त राष्ट्रको परिकल्पना साथ सुरु भएको मानवसेवा आश्रम मानवता सिकाइको केन्द्र बनेको छ । प्रयोगात्मक शिक्षणस्थल बनेको छ । सातै प्रदेशको १९ जिल्लामा २५ सेवा केन्द्र मार्फत देशको ७७ वटै जिल्लाबाट सहयोगापेक्षी सडक आश्रित मानवहरुको उद्दार गरेको छ । सेवा शुभारम्भको १२ वर्ष पूरा गर्दै गर्दा एक सामाजिक सिकाइको केन्द्र, सद्भाव, प्रेम, करुणा, दया, मायाको सिकाई स्थल बनेको छ ।

मानवसेवा आश्रमको प्रायः सबै सेवा केन्द्रहरूमा विद्यार्थी, शिक्षक, कर्मचारी, सर्वसाधारण, सबै वर्ग वा स्तरका पेसा वा सेवामा आबद्ध व्यक्तिहरूले अवलोकन गर्ने गरेका छन् । यो मासिक रुपमा १०,००० भन्दा बढीको सङ्ख्यामा हुने गरेको छ । सकारात्मक सोच, सबैप्रति आदर, सम्मान, मायाको भावना भयो भने मानिस साँचो अर्थमा सुन्दर व्यक्ति बन्न सक्छ । मानवता के हो ? नजिकबाट बुझ्न जरुरी छ । साथै आफूले जानेको कुरा सिकाउन, आफूले सकेको सहयोग गर्ने यस्तै कुराहरूलाई आत्मसाथ गर्छन् मानवसेवा आश्रमको अवलोकन गर्ने व्यक्तिहरुले ।

### मानवसेवा आश्रमबाट के सिक्ने ?

आमाको काखबाट मसानघाटको चितासम्म सिकाई नै सिकाई हुनेछ । हामीले चाहेको जीवन प्राप्तिमा हामी लागिरहनु पर्छ र प्राप्ति गर्नु पर्छ । आजको यो संसारमा सबै कुरा गुगलमा पाइन्छ भन्ने भ्रममा बाँचिरहेका हामीहरूले यथार्थमा जीवनको भोगाई सबैभन्दा ठूलो पाठशाला हुनेछ । जन्मदिने आमा बाबा, असल साथी र अनुभवहरू इन्टरनेटमा पाइँदैन । यो हाम्रो जीवनको कमाई हो ।

मानवताको पाठशालाको रुपमा विकास भइरहेको मानवसेवा आश्रमको भ्रमणपछि सिकाई गर्न सकिने विषय क्षेत्र ।

**१) सेवा**: मानवसेवा आश्रममा आउनु भएका जो-कोहीले यहाँको सेवालाई हृदयदेखि नै बोध गर्न सक्ने छ । यहाँ रहनू भएका सेवकसेविका, अभियन्ता परिवारले आफ्नो हृदयभावले गर्नु भएको सेवाले जीवनमा आएको आमूल परिवर्तनलाई मनन् गर्न सकिने छ । सेवा भनेको एक प्रकारको नसा हो, भावना हो, संस्कार हो । जसले मानवसेवा आश्रमको अवलोकन गर्छ उसले जीवनको नयाँ पाटोलाई देख्न पाउने छ । सक्ने अवस्थामा रहेका मात्र होइन दिसा र पिसाबमा लतपतिएको आमा बाबालाई कसरी सेवा गर्न सकिने रहेछ भन्ने बुझ्न सकिन्छ ।

**२) प्रेम, करूणा**: मानिस खानको भोको भन्दा पनि प्रेमको भोको छ । खाना नखाएर मानिस केही समय बाँच्न सक्छ होला तर प्रेम बिना कुनै पनि मानिस जीवित रहँदैन र जीवित भए पनि उ मरेतुल्य हुनेछ । किनकि प्रेम आशा हो, प्रेम सम्भावना हो, प्रेम ममताको रूप हो, प्रेम सहारा हो । मानवसेवा आश्रमले यही प्रेम जन-जनमा पुऱ्याउनका लागि प्रयत्न गरिरहेको छ । धन, सम्पत्ति, बल, समाजमा नाम, मान सम्मान हुँदासम्म सम्मान गर्ने, देखावटी प्रेम गर्ने बानी परेको समाजमा यहाँ आएपछि निस्वार्थ प्रेम देख्न पाइन्छ, महसुस गर्न पाइन्छ । प्रेमले मानिसलाई जित्न सकिने रहेछ । सडकमा रहँदा ४-५ जनाले समाउन नसक्ने आमा बाबा आश्रममा आउने बित्तिकै कति सरल अनि सहज हुनुहुन्छ त्यो देख्न सकिन्छ । यो सबै प्रेमको खेला हो ।

**३) समाजसेवा**: समाज सेवाको नमुना रूप देख्न पाइन्छ यहाँ । केही नभएका, केही नभएका, उनीहरुको सेवामा समर्पित भएर लागेको यो सेवा । कपाल, दारी पाकेपछि, सेवानिवृत्त भएपछि होइन समाज सेवाको कार्य युवावस्थामा नै गर्नु पर्छ भन्ने भावना जगाउँदछ । भर्खर २०-२१ लागेका युवाहरूले गरेको सेवाले समाजको परिवर्तनलाई नजिकबाट नियाल्न सकिनेछ । सेवाको सुरुवात कसरी गर्ने, कस्ता कस्ता बाधा-अड्चनहरु सेवाको क्रममा आउँछन् भन्ने कुरा यहाँ भ्रमण गरिरहँदा यहाँका अभियन्ताहरुले सुनाउनेछन् । सबैका आँखा रसाउने छन् ।

**४) सङ्कल्प शक्ति**: सपना पूरा गर्ने सङ्कल्प कसरी लिने, स्रोतको अभावमा होइन सोचको अभावले मानिस असफल हुन्छ भन्ने भावना यो सेवाले दिनेछ । नेपालीहरुको मात्र आर्थिक, नैतिक तथा भौतिक सहयोगले पनि गर्न सकिन्छ र भन्ने प्रश्नको उत्तर मानवसेवा आश्रमको सेवाले दिनेछ । आत्मबल र मनोबलको भरमा देशैभर रहेका सहयोगापेक्षी सडक आश्रित मानवमुक्त देशको परिकल्पना पुरा हुँदै गरेको छ । धेरै विकल्प नलिइकन सङ्कल्पलाई प्रथम स्थान दिने हो भने जस्तोसुकै सेवा पनि पूरा गर्न सकिन्छ । हात-खुट्टा नचल्ने बाबा आमा सङ्कल्प शक्तिका कारण, प्रार्थना र शुभ भावनाले ठिक हुनुभएको पाउनु हुनेछ ।

**५) मानवता**: यहाँको मूल सिकाई मानवता हुनेछ । गल्ती माथि गल्ती गर्नेलाई पनि प्रेम भावले हेर्न सक्नु, सबैजनालाई परिवारको सदस्यको रूपमा लिनु, अशक्तहरूले गर्नु भएको दिसा-पिसाबलाई पनि नघिनाई सफा गरिदिनु । सेवामा उद्दार गरेर ल्याएका अब सक्ने अवस्थामा रहनु भएकाले नसक्ने अवस्थामा रहनु हुनेलाई सेवा गर्नु । फोहोरको डङ्गुर रहेका, बाँधेर थुनेर रहेकालाई मानवोचित तवरबाट व्यवस्थापन गर्नु । संरक्षण, उपचार, पारिवारिक पुनर्मिलन गराउनु । न कुनै जात, धर्म, वर्ण वा राष्ट्रको परिधिबाट माथि उठेर सेवा गर्नु वास्तविक मानवीयता हो । यहाँको सन्देश मानवता नै धर्म हो र मानवताको कुनै सीमा हुँदैन ।

**६) राष्ट्रप्रेम**: जापान जापानी नागरिकले बनाए, चीन चिनियाँ नागरिकले बनाए, अमेरिका अमेरिकी नागरिकले बनाए । अब हाम्रो यो सुन्दर देशको पहिचान हामीले नै बनाउनु पर्छ । “हारहरूमा होइन जीवन जीतहरूमा फुलाउनु पर्छ । हामी बाँचेको सुन्दर कहानी भावी पुस्तालाई सुनाउनु पर्छ ।” मानवसेवा आश्रमले यही भावलाई जन-जनमा पुऱ्याइरहेको छ । हामीले गर्न सक्ने सेवाका लागि हामी विदेशको आसमा होइन हाम्रो बल बुतामा उभिन सक्नु पर्छ । त्यसका लागि पहिला मानवता, समृद्धिपछि मात्र राष्ट्रियता हुने गर्दछ । हामीले गरेका हरेक प्रयासले राष्ट्रियतालाई प्राथमिकता दिने गर्दछ । विदेशी दातृ निकायको सहयोग नलिइकन मात्र नेपालीहरुको प्रयासले देशभरको सेवा भइरहेको कुराले हाम्रो छाती गर्वले चौडा हुन्छ अनि सेवाका लागि नेपालमै सकिन्छ । हामी नै सक्षम छौं भन्ने उदाहरण बनेको छ ।

**७) आमा, बाबा र परिवारको महत्व**: यहाँ सकेसम्म परिवार नभएका व्यक्तिहरुको सेवा हुने गर्दछ । धेरै व्यक्तिलाई परिवारले हाम्रा लागि केही नगरेको, गर्न नसकेको, कर्तव्य पूरा नगरेको भावना व्यक्त गर्दछन् ।

*धर्तीमै छ सबै चिज खोजे मिल्छ घरी घरी*
*तर जन्मदिने माता पिता पाइँदैन कसैगरी...*

आफ्नो परिवारको महत्व बोध गराउने माध्यम हुन्छ, परिवारले हाम्रा लागि केही गरेन होइन कस्तो-कस्तो प्रयत्न गर्नु भएको छ त्यसको बोध हुन्छ ।

**८) जीवनका भोगाईहरू**: यहाँ कथै कथा छ, कहानी नै कहानी छ । जीवनका सुन्दर भोगाई नै भोगाई छ । आश्रममा रहनु भएका एक हजार छ सय जनाका आ-आफ्नै कहानी छन् । कोही सडकमा जन्मेका, कसैलाई सडकमा छोडेका, कत्तिले ५० औ दिनसम्म खाना नखाएका, कत्तिले आफ्नो उमेर छउन्जेलसम्म अर्काको घरमा काम गरी बसेर वृद्धावस्था भएपछि आश्रममा ल्याइदिएका, कतिका छोरा-छोरी अष्ट्रेलिया, अमेरिका रहेका छन् । जीवन संघर्ष र भोगाईहरु नै रहेछ । यहाँ जो कोहीले सुपर हिट कथा पाउने छ । जीवनी र कहानी पाउने छ । मात्र तपाई हाम्रो क्षमता हुनुपऱ्यो कथा निकाल्ने, मात्र क्षमता हुनुपऱ्यो भोगाईलाई सिकाइमा परिणत गर्ने ।

**९) नेपालमा सहयोगापेक्षी सडक मानवहरूको अवस्था**: नेपालमा सडक मानवहरुको अवस्था यहाँ आउँदा देखाइने सन्दर्भ सामाग्री, श्रव्यदृश्यले सडक मानवहरुको वास्तविक अवस्था जानकारी हुनेछ । यसले जो कोहीलाई पनि प्रभावित पर्ने छ र आँखाबाट आँसु झर्ने छ । यस्ता मानिस जो मानिसको भेषमा जन्मेर मानिस भई बाँच्न नपाएकालाई सेवा गर्नुपर्ने प्रेरणा दिनेछ । निर्वस्त्र भएर पनि निर्लज्ज बनेमा निरीह ती आमा बाबाहरुको पीडालाई देख्नेछन् ।

**१०) लक्ष्य प्राप्तिका लागि मानवसेवा आश्रमले गरेको प्रयास र समाजमा पारेको प्रभाव**: भोको पेटलाई भोजन सेवा सर्वोत्कृष्ट मानवसेवा, एक व्यक्ति एक अभिभावक, तपाईंको एक दिन मानवसेवा आश्रममा, वार्षिक भोजन सेवादाता, एक कप चिया योगदान जस्ता अनेकौं अभियानको जन्म पाएको छ । मेची-महाकाली राष्ट्रिय उद्दार अभियानदेखि राष्ट्रिय नीति बनाउनका लागि प्रयास, गौरवका योजनाका लागि गरेका प्रयास धेरै छन् । यी प्रयासहरुको केही प्रतिफल प्राप्त भएको छ भने केही प्राप्तिको चरणमा रहेको छ । तपाईं राम्रो कामको सुरुवात गर्नुहोस् तपाईंलाई सहयोग गर्ने अनेक हातहरुको जन्म हुनेछ भने जस्तै अहिले सेवाका लागि अनेकानेक व्यक्ति जोडिनु भएको छ । जन्मदिनमा मानवसेवा आश्रम जाने संस्कार बसेको छ । हामीले नगरे कसले गर्ने, अहिले नगरे कहिले गर्ने, भावलाई प्रेरणा दिइरहेको छ ।

समग्रमा मानवसेवा आश्रम एक परोपकारी पाठशाला हो । यहाँ मानिसले अनेकौं व्यवहारिक ज्ञान सिक्न पाउनेछन् । नदेखेको संसार देख्न पाउनेछन् । अनेकौं सिनेमाका कहानी लेख्न पाउनेछन् । काज

...बाँकी पृष्ठ ३ मा

# मानव बेचबिखन रोक्नु सरकारको दायित्वः मन्त्री खड्गी




समाज संवाददाता

हेटौँडाः बागमती प्रदेशकी सामाजिक विकास मन्त्री हरिप्रभा खड्गीले विगतको तुलनामा फरक ढंगबाट मानव बेचबिखन हुने गरेको बताउनुभएको छ । शैली परिवर्तन भई हुने गरेको बेचबिखनका घटना नियन्त्रण गर्नु अहिलेको चुनौति रहेको मन्त्री खड्गीले बताउनुभयो। मानव बेचबिखन रोक्नु सरकार र सबै सरोकारवाला पक्षको प्रमुख दायित्व रहेको उहाँको भनाई छ ।

प्रदेशको सामाजिक विकास मन्त्रालय र मानव बेचबिखन विरुद्ध महिला रक्षक सञ्जालको समन्वयमा आयोजित १८ औं राष्ट्रिय मानव बेचबिखन तथा ओसारपसार विरुद्धको दिवसको प्रभातफेरी कार्यक्रमलाई सम्बोधन गर्दै मन्त्री खड्गीले विगतको तुलनानमा बेचबिखनका घटना नदेखिने शैलीमा हुने गरेको बताउनुभयो । बेचबिखन विरुद्ध केही उपलब्धीहरु प्राप्त हुनेगरी काम भएपनि अझै थुप्रै काम गर्न बाँकी रहेको उहाँको भनाई छ ।

मन्त्री खड्गीका अनुसार सरकारको जिम्मेवारी भित्र रहेका बेचबिखनका विषयलाई गम्भिरताका साथ अघि बढाउने छ । बेचबिखन जस्ता संगठित अपराध तथा मानव तस्करी रोकथामका लागि आम नागरिकहरुमा चेतना अभिवृद्धि, आर्थिक सशक्तीकरण अत्यावश्यक रहेको उहाँले बताउनुभयो । सो कार्यका लागि तीन तहका सरकार, सरोकारवाला अन्य निकाय र नागरिक समाज बीचको समन्वय जरुरी रहेको उहाँले बताउनुभयो । बेचबिखनका घटना नियन्त्रणका लागि मनोरञ्जनका क्षेत्रहरु क्लब, डान्स बार, लोक दोहोरीको अनुगमन कार्य अघि बढाउनुपर्ने मन्त्री खड्गीले बताउनुभयो ।

मन्त्री खड्काका अनुसार बेचबिखन नियन्त्रणका लागि मन्त्रालयबाट विभिन्न कार्यक्रमहरु कार्यान्वयनको चरणमा रहेको छ । मन्त्रालयले मानव बेचबिखन तथा ओसारपसार विरुद्धको संरक्षण नीति, २०८० तर्जुमा गरेको र सो नीतिले प्रदेशमा जोखिमको क्षेत्र निर्धारण गरेर बेचबिखन रोक्न, सम्भावित जोखिम न्यूनीकरण गर्न, खोजी उद्दार राहत तथा पुनःस्थापनाका विषय समेटेको उहाँले जानकारी दिनुभयो ।

"महिला, बालबालिका बेचबिखनको उच्च जोखिममा रहने हुँदा क्षमता विकास, सशक्तीकरणका कार्यक्रमहरु सञ्चालन गरिएको छ। हिंसा पीडित, प्रभावितहरुका लागि अल्पकालिन आश्रयस्थल विभिन्न जिल्लामा संचालनमा ल्याइएको छ", मन्त्री खड्गीले भन्नुभयो, "सडकमानवमुक्त प्रदेश निर्माणका लागि विभिन्न संस्थाहरुको सहयोग तथा साझेदारीमा कार्यक्रमहरु अघि बढाइएको छ भने गैरसरकारी संस्थाहरुद्वारा सन्चालित सचेतता तथा क्षमता विकासका लागि सरकारले सहयोग गरेको छ।" विशेषगरी महिलाहरुका लागि गृहिणी महिला सशक्तीकरण कार्यक्रम, दलित सशक्तीकरण, चेपाङ समुदायको उत्थानमा लागी चिउरी चमेरो संरक्षण कार्यक्रम लगायत गरिबी निवारणका थुप्रै कार्यक्रम अघि बढाइएको उहाँले बताउनुभएको छ ।

## परोपकारी...

किरिया गरिसकेको व्यक्ति घरमा पुग्दा कस्तो अनुभूति हुन्छ ? दशकौं हराएको व्यक्ति घरमा आउँदा कस्तो भावना जागृत हुन्छ ? तपाईंले सडकमा रहनु भएको मनोरोगी बलात्कृत आमाको कथा सुन्नु भएको छ ? सायद छैन, हो यस्तै समाजका कहाली लाग्दा कहानीबाट बाँचेका आमा बाबाको कथा यो मानवताको पाठशालामा सिकाइनेछ, देखाइनेछ र महसुस गराइनेछ । जिन्दगी दुई दिने चोला हो । बाँचुन्जेल गरिने कर्म मात्र हाम्रो हो । सक्ने हामीले नै गर्नुपर्छ । भोलि होइन आज नै र अरूका लागि होइन आफ्नो लागि हो । महाकवि देवकोटाको यो मन्दिर, जिउँदा व्यक्तिको पूजा गर्ने ठाउँ हो, सेवा गर्ने ठाउँ हो । कतिले सोच्न नसक्ने सेवा मानवसेवा आश्रमले गरेको छ। महात्मा र परमात्माको अन्त्यमा आत्मा हुन्छ । आत्मा सबै बराबर यही एक आत्माले अर्को आत्मालाई सेवा दिने पवित्र परोपकारी पाठशाला हो मानवसेवा आश्रम ।

*(तिमल्सिना मानवसेवा आश्रमको केन्द्रीय समिति कोषाध्यक्ष हुनुहुन्छ ।)*


## हार्दिक समवेदना



जन्मः २००६/०५/०८

स्व. गोपालप्रसाद शर्मा ढोडरी

स्वर्गारोहणः २०८१/०५/१२

हेटौँडा अस्पतालको ल्याब ईन्चार्ज राजकुमार शर्मा ढोडरीका पुजनीय बुबा **गोपालप्रसाद ढोडरी**को निधनको खबरले हामी मर्माहत भएका छौं । यस दुखद् घडीमा बुबाप्रति श्रद्धाञ्जली अर्पण गर्दै दिवंगत आत्माको चिरशान्तिको कामना गर्दछौं । साथै शोकाकुल परिवारजनप्रति हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**हेटौंडा अस्पताल परिवार**
**हेटौंडा, मकवानपुर**

## हार्दिक समवेदना



जन्मः २००६/०५/०८

स्व. गोपालप्रसाद शर्मा ढोडरी

स्वर्गारोहणः २०८१/०५/१२

मेडिकल ल्याबरोटरी एसोसिएसन अफ नेपाल (मेलान) मकवानपुरका आजिवन सदस्य, हेटौंडा अस्पतालको ल्याब ईन्चार्ज राजकुमार शर्मा ढोडरीका पुजनीय बुबा **गोपालप्रसाद ढोडरी**को निधनको खबरले हामी मर्माहत भएका छौं । यस दुखद् घडीमा बुबाप्रति श्रद्धाञ्जली अर्पण गर्दै दिवंगत आत्माको चिरशान्तिको कामना गर्दछौं । साथै शोकाकुल परिवारजनप्रति हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**मेडिकल ल्याबरोटरी एसोसिएसन अफ नेपाल (मेलान) मकवानपुर परिवार**
**हेटौंडा, मकवानपुर**





ERKE

Erke brand authorized showroom

**D next dress up**

हेटौंडा-१०, राप्तीरोड
राजक शाही
मोबाइल नम्बर ९८५५०७०१५६







## हेटौंडा रिफरेन्स ल्यावरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं।

थप जानकारीको लागि HRL

**हेटौंडा रिफरेन्स ल्यावरोटरी**

हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

## मकवानपुर जिल्ला लिग फुटबल

# न्यू कम्वाइन, हाडीखोला र सहिद स्मृति विजयी

समाज संवाददाता

हेटौंडाः मकवानपुरमा जारी जिल्ला लिग फुटबल प्रतियोगितान्तर्गत बिहिबार ४ खेल सम्भव भएको छ भने दुई खेल वर्षाका कारण प्रभावित भएको छ । बिहिबार भएको ४ खेलमध्ये तीन खेलमा न्यू कम्वाइन क्लब, हाँडीखोला युथ क्लब र सहिद स्मृति क्लब विजयी भएको छ भने एफसी नामटार र पदमपोखरी युथ क्लबबीचको खेल बराबरीमा सकिएको छ ।

हेटौंडा-६ स्थित गौरीटार रंगशालामा भएको खेलमा हटिया स्पोर्टसलाई ३-० गोलले हराउँदै न्यू कम्वाइन विजयी भएको हो । न्यू कम्वाइनको जीतमा विशाल भोलनले दुई गोल गरे भने सुजल थिङले एक गोल गरे । म्यान अफ द म्याच न्यू कम्वाइनका विशाल भोलन घोषित भए । बिहिबार बिहानै हेटौंडा-११ स्थित सिमलटार मैदानमा पदमपोखरी युथ क्लब र एफसी नामटारबीचको खेलमा एक-एक गोलको बराबरी भएको छ । पदमपोखरीका लागि नवराज थिङ र एफसी नामटारका लागि कसाङ थिङले समान एक-एक गोल गरे । म्यान अफ द म्याच एफसी नामटारका कसाङ थिङ घोषित भए ।

बिहिबार दिउँसो गौरीटार रंगशालामा भएको पहिलो खेलमा प्रगतिशील युवा क्लबलाई २-० ले हराउँदै हाँडीखोला युथ क्लब विजयी भएको छ । हाँडीखोलाको जीतमा सञ्जिव गिरीले २ गोल गरे । म्यान अफ द म्याच हाँडीखोलाका सञ्जिव गिरी घोषित भए । बिहिबार दिउँसो सिमलटारमा भएको पहिलो खेलमा प्रतिभा युवा क्लबलाई २-० गोलले हराउँदै सहिद स्मृति विजयी भएको छ । सहिद स्मृतिको जीतमा बुद्ध लामाले २ गोल गरे । म्यान अफ द म्याच सहिद स्मृतिका रमेश थिङ घोषित भए ।

बिहिबार हुने भनिएको दुई खेल वर्षाका कारण प्रभावित भएको छ । गौरीटारमा हुने भनिएको एफसी पोताला र विजय युथ तथा सिमलटारमा हुने भनिएको एफसी चाइनाक्वार्टर र पशुपति युवा क्लब बीचको खेल वर्षाका कारण स्थगित भएको छ । स्थगित खेललाई शुक्रबार बिहान सञ्चालन गरिने जिल्ला फुटबल संघका उपाध्यक्ष युवराज लामाले बताउनुभयो ।

आज शुक्रबार सिमलटार खेल मैदानमा एफसी चाइनाक्वार्टर र पशुपति युवा क्लबबीचको खेल बिहान हुनेछ भने दिउँसो परेली युवा क्लब र हेटौंडा भेट्रान्स तथा हेटौंडा फुटबल एकेडेमी र महावीर क्लबबीचको खेल हुनेछ । यस्तै गौरीटार रंगशालामा आज शुक्रबार बिहान एफसी पोताला र एफसी विजय युथबीच खेल हुनेछ भने दिउँसो सक्षम युवा क्लब र एफसी इन्टरनेट तथा एफसी इन्टरनेट सिटी र न्यू डाँफे युवा क्लबबीच खेल हुने मकवानपुर जिल्ला फुटबल संघले जनाएको छ ।

प्रतियोगिताको उपाधि विजेता टिमले एक लाख रुपैयाँ र उपविजेता टिमले ५० हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछ । प्रतियोगिताको फाइनल खेल असोज ९ गते हुनेछ ।

# हरितालिका तीज मनाइँदै

समाज संवाददाता

हेटौंडाः भाद्र शुक्ल तृतीयाका दिन मनाइने हरितालिका तीज पर्व आज मनाइँदैछ । नेपाली महिलाहरुले भगवान शिवको पूरा आराधनासहित व्रत बसेर यो पर्व मनाउँदैछन् ।

तीजलाई नेपाली हिन्दू महिलाहरुको विशेष पर्व मानिन्छ । भाद्र शुक्ल द्वितीयाको दिन दर खाएर सुरु हुने तीज पर्व ४ दिनसम्म मनाइन्छ । तीजमा व्रत बस्न सहज होस् भन्ने उद्देश्यले अघिल्लो दिन दर खाने परम्परा रहेको छ । भाद्र शुक्ल तृतीयाका दिन हरितालिका व्रत, चौथीका दिन गणेश भगवानको पूजा र पञ्चमीका दिन स्नान गरी अरुन्धतीसहित सप्तऋषिको पूजा गरी तीज पर्व समापन गरिन्छ ।

तीजको मुख्य दिन हरितालिकाको दिन आज शुक्रबार निराहार व्रत बसी महादेवको पूजा आराधना गरिँदैछ । व्रतालु तथा अन्य महिलाहरु महादेवको मन्दिरमा गई पूजा तथा दर्शन गर्दछन् । महिलाहरु समूहमा भेला भई तीज गीत गाएर नाचगान गरी खुशियाली मनाउँछन् ।

परापूर्व कालमा हिमालय पुत्री पार्वतीले यसै दिन निराहार व्रत बसी महादेव पति पाउने वरदान पाएकीले हरि तालिकाको दिनमा व्रत बस्दा मनोकांक्षा पूरा हुने धार्मिक विश्वास छ । महादेवलाई पतिको रुपमा प्राप्त गर्न पार्वतीको इच्छाविपरीत उनको विवाह भगवान विष्णुसँग गरिदिन खोजेपछि सखीहरुको सल्लाहमा उनलाई लुकाएर राखेको धर्मशास्त्रमा उल्लेख गरिएको छ । सखीहरुले लुकाएकै ठाउँमा पार्वतीले व्रत बसी भाद्र शुक्ल तृतीयाको दिन महादेवलाई प्राप्त गरेको र त्यही समयदेखि हरितालिका तीजमा व्रत बस्ने प्रचलन सुरु भएको धार्मिक विश्वास छ ।

तीजको दिनमा निराहार व्रत बसेमा मनोकामना पूरा हुने विश्वास गरिन्छ । तर, निराहार व्रत नै बस्नुपर्छ भन्ने कतै उल्लेख नरहेको धर्मशास्त्रविद्हरुको भनाइ छ । निराहार, जलाहार र फलाहार गरी तीन प्रकारका व्रत हुने भएकाले निराहार बस्न नसक्नेले जलाहार र जलाहार पनि नसक्नेले फलाहार गरेर व्रत बस्न सकिने धर्मशास्त्रका जानकारहरु बताउँछन् । आत्माको रक्षा गरेरमात्र व्रत गर्नु भन्ने धर्मशास्त्रीय मान्यता रहेको उनीहरुको भनाइ छ ।

शास्त्रीयरूपमा महिला, पुरुष दुवैले हरितालिका तीजको व्रत बस्न सकिने भए पनि तीजमा अधिकांश महिलाहरुमात्र व्रत बस्ने गरेका छन् । व्रत बस्ने पुरुषले विधुर हुनु नपर्ने, नारीले अटल सौभाग्य र अविवाहित केटाकेटीले गुण सम्पन्न वर वा वधु पाउने शास्त्रीय मान्यता रहेको पाइन्छ ।

हरितालिका तीजको दिन काठमाडौंको पशुपतिनाथसहित देशभरका शिव मन्दिरहरुमा श्रद्धालुको भिड लाग्ने गर्दछ । तीजको अवसरमा भाद्र शुक्ल तृतीयाका दिन महिलालाई सार्वजनिक विदा दिने गरिएको छ ।

## वर्षाका कारण घर पूर्णरुपमा क्षति

समाज संवाददाता

हेटौंडाः अविरल वर्षाका कारण हेटौंडा-११, फोलुङ्गेपुल टोलमा तुल बहादुर श्रेष्ठको घर पूर्णरुपमा क्षति भएको छ ।

बुधबार आएको वर्षाका कारण श्रेष्ठको १ तले जस्ताले छाएको ब्लकको ४ कोठे घर पूर्णरुपमा क्षति भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जानकारी दिएको छ । वर्षाका कारण श्रेष्ठको घर पूर्णरुपमा क्षति हुँदा मानवीय तथा चौपाया क्षति नभएको प्रहरीले जानकारी दिएको छ ।

## बुधबार बरामद शवको सनाखत

समाज संवाददाता

हेटौंडाः मकवानपुरको बागमती गाउँपालिका-९, बेतिनि गैरीजंगामा बरामद भएको युवतीको शव सनाखत भएको छ । बुधबार बरामद भएको शव रुकुम पश्चिमको मुसिकोट नगरपालिका-१३ घर भई हाल काठमाडौं महानगर पालिका बालकुमारी डेरा गरी बस्ने १९ वर्षीया अञ्जली शर्माको भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ ।

आइतबार काठमाडौंको बालकुमारीबाट बेपत्ता भएकी शर्मा बुधबार दिउँसो बागमती नदी किनारमा मृत फेला परेकी थिइन् । प्रहरी टोलीले बागमती नदी किनारामा सडेगलेको अवस्थामा अञ्जलीको शव फेला पारेको थियो । मुचुल्का पश्चात शव पोष्टमार्टमका लागि पाटन अस्पतालका लगिएको प्रहरीले जानकारी दिएको छ ।

## फुटबल प्रतियोगिताको आय-व्यय सार्वजनिक

समाज संवाददाता

हेटौंडाः मनहरी गाउँपालिकाको सिमपानी युथ क्लबको आयोजनामा भएको प्रथम संस्करणको मिलन-धर्मराज स्मृति फुटबल प्रतियोगिताको आय-व्यय विवरण सार्वजनिक भएको छ । गत असार २० गते सुरु भएर असार ३१ सम्पन्न भएको प्रतियोगिताको आय-व्यय विवरण सार्वजनिक भएको हो । क्लबले सार्वजनिक गरेको विवरण अनुसार खेल सम्पन्न गर्नका लागि करिब ८ लाख ३० हजार रुपैयाँ खर्च भएको छ भने ८ लाख २७ हजार ८ सय ३२ रुपैयाँ आम्दानी भएको छ । क्लबले २ हजार १ सय ६८ रुपैयाँको घाटा व्यहोर्नु परेको क्लबका नवनियुक्त अध्यक्ष अञ्जन लामाले जानकारी दिनुभएको छ । फुटबल प्रतियोगिता आयोजनाका लागि विभिन्न व्यक्ति, संस्थाको सहयोग रहेको छ ।

## करेन्ट लागेर मृत्यु

समाज संवाददाता

हेटौंडाः सिन्धुली जिल्लाको कमलामाई नगरपालिका-१०, माथिल्लो भडारमा माछा मार्ने क्रममा करेन्ट लागेर एक जना पुरुषको मृत्यु भएको छ । मृत्यु हुनेमा ४२ वर्षीय लाल बहादुर विक रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ ।

विक मंगलबार दिउँसो १२ बजेर ४५ मिनेटको समयमा आफ्नै घरबाट २ सय मिटर पर रहेको कमला खोलामा घरबाट बिजुली जडान गरी करेन्ट लगाई माछा मार्ने क्रममा करेन्ट लागि लडिरहेको अवस्थामा फेला परेका थिए । विकलाई उपचारका लागि जनसेवा अस्पताल बर्दिबास लगिएको थियो । उपचारको क्रममा दिउँसो २ बजेको समयमा डाक्टरले मृत घोषणा गरेको प्रहरीले जानकारी दिएको छ ।

## सेनाको गाडीमा आगलागी

समाज संवाददाता

हेटौंडाः त्रिभुवन राजपथ सडकखण्डअन्तर्गत मकवानपुरको थाहा नगरपालिका-४, दामनमा नेपाली सेनाको गाडीमा आगलागी भएको छ । बिहिबार दिउँसो १ बजेको समयमा पालुङबाट सिमभञ्ज्याङतर्फ जाँदै गरेको बा १ ग ३४३६ नम्बरको सेनाको वानटन गाडीमा आगोलागी भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जानकारी दिएको छ ।

थाहा नगरपालिका-६ स्थित श्री युद्धभैरव गण तालिम शिविर चनवन व्यारेकका नेपाली सेना सवार गाडीमा गुडिरहेको अवस्थामा अचानक आगलागी भएको थियो । आगलागीको खबर प्राप्त हुनासाथ प्रहरी टोली खटिएर प्रहरी, नगर प्रहरी र दमकलको सहयोगमा दिउँसो १ बजेर २५ मिनेटमा पूर्णरुपमा आगो नियन्त्रणमा लिएको थियो ।

आगलागीबाट मानवीय क्षति नभएको र अनुसन्धान कार्य भइरहेको प्रहरीले जानकारी दिएको छ ।

सामुदायिक रेडियो,
रेडियो निकास
९३.४ मेगाहर्ज
सुनौं र
सुनाऔं
रेडियो निकास ९३.४
हेटौंडा, मकवानपुर
The Voice of Community

नारायणी यातायात व्यवसायी संघको

अत्यन्त जरुरी सूचना

(मिति २०८१/०५/१७ गते आर्थिक अभियान राष्ट्रिय दैनिकमा समेत प्रकाशित भईसकेको)

यातायात क्षेत्रसँग सम्बन्धित संघ, संस्थाहरुको दर्ता तथा नवीकरण नगर्ने भनी नेपाल सरकार, मन्त्री परिषद्ले मिति २०७५/०१/०४ गते निर्णय गरेपश्चात यस संघको नियमित रुपमा हुनुपर्ने अधिवेशन अवरुद्ध भई आएकोमा सोही मन्त्री परिषद्को निर्णयका विरुद्धमा यस संघ समेत सदस्य रहेको नेपाल ट्रक यातायात व्यवसायी महासंघले सम्मानित सर्वोच्च अदालतमा रिट दायर गरेकोमा मिति २०८०/१२/२० गते रिट जारी हुने भनी फैसला गरेको हुँदा निकट भविष्यमा नै यस संघको ३६ औं वार्षिक साधारणसभा र १६ औं अधिवेशन हुन गइरहेको व्यहोरा सम्बन्धित सबैमा सूचित गरिन्छ । साथै, यस संघका सदस्य महानुभावहरुले संघको विधान मुताबिक २०८१ असोज मसान्तभित्रमा आफ्नो सदस्यता नवीकरण गरी मतदाता परिचयपत्र लिनुहुन समेत यस संघको मिति २०८१/०५/०९ गतेको कार्यसमितिको निर्णय बमोजिम जानकारी गराइन्छ ।

सरोज कुमार खनाल, महासचिव
नारायणी यातायात व्यवसायी संघ
मुख्य कार्यालय, हेटौंडा, फोन नं. ०५७-५२०६७०

सूचना !! सूचना !! सूचना !!!

यस अस्पतालमा मिति २०८१/०५/१६ गते आईतवारका दिनदेखि Extended Health Service (EHS) देहाय बमोजिम संचालन हुने व्यहोरा सम्बन्धित सम्पूर्णमा अनुरोध छ ।

देहायः
१. E.H.S ओ.पि.डी. टिकट उपलब्ध हुने समय : २४ सै घण्टा
२. E.H.S ओ.पि.डी. संचालन समय : दिनको ठिक ४:०० बजे देखि ६:०० बजे सम्म ।
३. E.H.S ओ.पि.डी मा उपलब्ध हुने सेवाहरु
- मेडिकल ओ.पि.डी.
- सर्जिकल ओ.पि.डी.
- बालरोग ओ.पि.डी.
- स्त्री तथा प्रसुति रोग ओ.पि.डी.
- मनोरोग ओ.पि.डी.
- नशा तथा हाडजोर्नी रोग ओ.पि.डी.
- अन्य
• भिडीयो X-ray सेवा
• प्याथोलोजी सेवा
४. E.H.S ओ.पि.डी. सेवामा बिमाको सुविधा उपलब्ध हुने छैन ।
पुनश्चः सार्वजनिक बिदाको दिनहरुमा E.H.S ओ.पि.डी. सेवा संचालन हुने छैन ।

मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान
हेटौंडा, मकवानपुर

CLASSIC TECH
तीजको रमाइलो
नेट संगै टि.भि. पाइयो


१२५ Mbps
इन्टरनेट टि.भि.
रु ३०३/-
प्रति महिना
IPTV रु २५०/- प्रति महिना
9801004477 / 9802922304
www.classic.com.np

Admission Open !!!
+2
Science
Hotel Management
Commerce
Computer Science
Law (English Medium)

BSc. CSIT
BCA
BBS
} TU Affiliate
BSc. CSIT/BCA को तयारी कक्षा चलिरहेको छ ।
(९८५५०७७४१७/९८५५०६७४३५/९८५५०६९४४४)
हेटौंडा- सिटि कलेज (जेनिथ मावि)
हेटौंडा-५, पिप्ले

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ